# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
## बालुवाटार, काठमाडौं
## सोह्रौ वार्षिक्र साधारण सभाको
## विवरण तथा निर्णयहरु

यस सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको संचालक समितिको मिति २०७७/१२/०१ गते (तद्नुसार १४ मार्च २०२१) आईतबारका दिन बसेको २६१ औं बैठकको निर्णय अनुसार बोलाइएको सोह्रौ वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिका अध्यक्ष अच्यूत प्रसाद प्रसाईज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी निम्न विषयहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

१. **साधारण सभाको मिति, समय र स्थान:**

मिति : २०७७ साल चैत्र २३ गते (तद्नुसार ५ अप्रिल २०२१), सोमवार

समय : बिहान: १०:०० बजे प्रारम्भ भई १२:३० बजे सम्पन्न भयो ।

स्थान : लैनचौर ब्याङ्क्वेट, लैनचौर, काठमाडौं ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार सोह्रौ वार्षिक साधारण सभा हुने मिति, समय र छलफल हुने विषय खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनुका साथै सो बमोजिमको सूचना मिति २०७७/१२/०२ गतेको "अभियान" राष्ट्रिय दैनिक, मिति २०७७/१२/०९ गतेको "कारोवार" राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो । सभाको सूचना, वार्षिक प्रतिवेदन शेयरधनी भानुभावहरुलाई जानकारीको लागि डेभलपमेन्ट बैंकको वेवसाईड www.shangrilabank.com मा समेत राखिएको थियो ।

३. **वैधानिक पूर्वाधार :**

नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरीवेक्षण विभागको प.सं.बै.वि.सु.वि./गैरस्थलगत/सांग्रिला/०७७/७८ च.न. २०४ मिति २०७७/११/२६ को पत्रबाट आर्थिक वर्ष २०७६/०७७ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृत प्राप्त भई साधारण सभा गर्न वैधानिक पूर्वाधर पुरा भएकोले मिति २०७७/१२/२३ गते डेभलपमेन्ट बैंकको साधारण सभा भएको हो ।

४. **साधारण सभाका छलफलका विषयहरु:**

(क) **साधारण प्रस्तावहरु :**

(१) अध्यक्षज्यूको मन्तब्य सहित आर्थिक वर्ष २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने बारे ।

(३) आर्थिक वर्ष २०७७/०७८ को लागि डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हाल वहालवाला लेखापरिक्षक श्याम कार्की एण्ड कम्पनी, चाटर्ड एकाउन्टेन्टस् कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था संवन्धि ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ति हुन सक्नु हुने छैन ।)

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी २,६०,६६,४०,४००/- को ५ प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित हुँदा सो बोनश शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.२६३२ प्रतिशतले हुन आउने रकम रु.६८,५९,५८० (अक्षेरुपी अठसठ्ठी लाख उनान्साठी हजार पाँच सय असी मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(५) बाँकी अवधिको लागि गरिएको संचालकको नियुक्तिको अनुमोदन सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी २,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्व साठी करोड छैसठ्ठी लाख चालीस हजार चार सय मात्र) को ५ प्रतिशत अर्थात रकम रु. १३,०३,३२,०२०/- (अक्षेरुपी तेह्र करोड तिन लाख बत्तीस हजार बीस मात्र) को बोनस शेंयर जारी गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने । साथै, बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समयोजन गर्ने गरी यथावत् राख्ने ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु २,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्व साठी करोड छैसठ्ठी लाख चालीस हजार चार सय मात्र) रहेकोमा वोनश शेयर वितरण पश्चात जारी तथा चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय वीस मात्र) पुऱ्याउने प्रस्ताव पारित गर्ने ।

३) यस सांग्रिला डेभलपमेन्ट बैंकको संचालक समितिको बैठक, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतीय माध्यमबाट समेत गर्न सक्ने गरी विकास बैंकको नियमावली मा आवश्यक संशोधन, परिमार्जन तथा थप व्यवस्थाहरु कायम गर्ने ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम हुने गरी डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्वन्धि प्रस्ताव पारित गर्ने ।

५) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने ।

(ग) विविध

५. **सभाको बैधानिकताः**

डेभलपमेन्ट बैंकको वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३, कम्पनीको प्रवन्ध पत्र नियमावली बमोजिम बोलाइएको, सभा गर्ने सम्बन्धमा ऐनको दफा ६७ (२) बमोजिम शेयरधनी महानुभावहरुलाई पठाउनु पर्ने सूचना पठाउनुका साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिएको, साधारण सभा हुन कम्पनी ऐन बमाजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी प्रतिनिधित्व हुने गरी कम्पनीका ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुन पर्ने प्रावधान रहेकोमा सोह्रौ वार्षिक साधारण सभामा राखिएको शेयरधनीको उपस्थिति पुस्तिकामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थिति जनाउनु हुने शेयरधनीहरुको संख्या, शेयर संख्या र प्रतिशत तल उल्लेख भए बमोजिम रहेको र सो संख्या प्रतिशत साधारण सभाको काम, कारवाही र निर्णय गर्न सर्याप्त भई गणपुरक संख्या पुगेको हुँदा सभा ऐन, नियम कानून बमोजिम वैधानिक भएको व्यहोरा डेभलपमेन्ट बैंकको कम्पनी सचिव श्री सुजनवावु अधिकारीज्यूले सभा समक्ष प्रस्तुत गर्नु भयो ।

६. **सभाको उपस्थितिः**

(क) सभामा उपस्थित संचालकहरु

१. अध्यक्ष श्री अच्युत प्रसाद प्रसाई ज्यू

२. संचालक श्री सुशिल काजी बानियांज्यू

३. संचालक श्री नरेशमान तुलाधर ज्यू

४. संचालक श्री गंगा सागर ढकाल ज्यू

५. संचालक श्री लिसा शेरचन ज्यू

६. स्वतन्त्र संचालक श्री राजुनाथ खनाल ज्यू

(ख) सभामा उपस्थित पदाधिकारी

१. श्री सुयोग श्रेष्ठ- प्रमुख कार्यकारी अधिकृत

२. श्री अपूर्व प्रसाद जोशी- नायव महाप्रवन्धक

३. श्री रजित मास्के- सहायक महाप्रवन्धक

(ग) शेयरधनीहरुको उपस्थिति

| कूल शेयरधनी संख्या समूह "क" र "ख" | कूल शेयर संख्या | स्वयं सभामा उपस्थित शेयरधनी संख्या | प्रतिनिधी द्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयर संख्या | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|---|
| १७,७३२ | २,६०,६६,४०४ | ३९६ | ४५७ | ८५३ | १,५५,८०,४२० | ५९.७७ |

७) **साधारण सभाको अध्यक्षता र सभा सन्चालन**

कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा डेभलपमेन्ट बैंकको नियमावलीमा साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षद्वारा गरिनेछ भन्ने व्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता डेभलपमेन्ट बैंकको संचालक समितिका अध्यक्ष अच्यूत प्रसाद प्रसाईज्यूले गर्नु भयो ।

८) **स्वागत मन्तव्य**

साधारण सभामा संचालकहरु, संस्थापक शेयरधनीहरु, सर्वसाधारण शेयरधनीहरु, बाह्य तथा आन्तरिक लेखापरिक्षक, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, कानूनी सल्लाहकार, व्यवस्थापन तथा कर्मचारीहरु, पत्रकारहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई डेभलपमेन्ट बैंकका संचालक श्री सुशिल काजी बानियांज्यूले स्वागत गर्दै आफ्नो मन्तव्य प्रकट गर्नु भयो ।

९) **वार्षिक साधारण सभाको औपचारिक उदघाटनः**

१६ औ वार्षिक साधारण सभाको उदघाटन डेभलपमेन्ट बैकको संचालक समिति तथा साधारण सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यूले कलात्मक पानसमा दिप प्रज्वलन गरेर गर्नुभयो । सोही अवसरमा नेपालको राष्ट्रिय गान बजाई राष्ट्र र राष्ट्रियता प्रति समर्पित भाव प्रकट गरिएको थियो ।

१०) **सभा सन्चालनको अनुमतिः**

सभाको कार्यवाही अगाडी वढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषयसूचीहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

११) **वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

क) साधारण सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यूले साधारण सभामा छलफलका लागि पेश गरिएका प्रस्तावहरु प्रस्तुत गर्नुका साथै संचालक समितिको तर्फबाट वार्षिक प्रतिवेदन, आ.व. २०७५/७६ को लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन, २०७६ आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण आदि सहितको आर्थिक तथा वित्तीय विवरण सभा समक्ष प्रस्तुत गर्नु भयो ।

ख) अध्यक्षद्वारा प्रतिवेदन प्रस्तुत गरी सकेपछि त्यस सम्बन्धमा तथा वार्षिक साधारण सभामा निर्णयार्थ पेश गरिएका प्रस्तावहरुको सम्बन्धमा छलफलमा सहभागी भै आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव, विचारहरु राख्न शेयरधनीहरुलाई अनुरोध गर्नु भयो ।

**<u>प्रतिवेदन उपर छलफल</u>**

सभामा शेयरधनीहरु श्री अमृतनाथ रेग्मी, श्री शत्रुघन श्रेष्ठ, श्री उद्दव प्रसाद घिमिरे, श्री व्रम्ह देव शाक्य, श्री राम गोपाल महर्जन र श्री अशोक उप्रेती छलफलमा सहभागी भई मूलभूत रुपमा निम्न बमोजिमका विषयहरुमा आफ्ना जिज्ञासा, प्रश्न, सल्लाह, सुझाव विचारहरु राख्नुका साथै श्री चन्द्र नारायण श्रेष्ठ र नरसिंह लाल चांखुले लिखित रुपमा सुझावहरु दिनु भयो ।

**<u>शेयरधनी श्री अमृतनाथ रेग्मी</u>**

प्रतिवेदन ढिला आउनुमा भएका कमी कमजोरीहरुको अध्ययन गरेर समयमै लेखापरिक्षण सम्पन्न गरी पौष मसान्त भित्रै साधारण सभा सम्पन्न गर्ने तर्फ बैंकको ध्यान जानु आवश्यक छ । उपयुक्त बैंक तथा वित्तीय संस्थालाई आफूमा मर्ज गराउने वा उपयुक्त बैंक तथा वित्तीय संस्थासंग एक्विजसन भई जाने विषयमा उपयुक्त रणनीति बनाई डेभलपमेण्ट बैंक मर्जर तथा एक्विजिसन विषयमा अगाडी वढी आफूलाई बलियो बनाउनुपर्ने, बैंकले अन्तर्राष्ट्रिय संगठनहरुको सदस्यता लिनुपर्ने, Participatory Debenture निष्काशन गर्न उपयुक्त हुने, भावि ५ वर्षको रणनीतिक योजनाका बारेमा प्रष्ट हुनुपर्ने तथा वार्षिक प्रतिवेदनमा शाखा कार्यालयहरुको विवरण प्रदेश अनुसार छुट्टिने गरी समावेश गर्न उपयुक्त हुने किसिमका सुझावहरु व्यक्त गर्नुभयो ।

**<u>शेयरधनी श्री शत्रुघन श्रेष्ठ ज्यू</u>**

आफू भन्दा अगाडी रहेका विकास बैंकहरुलाई हेरेर सोही अनुसार लक्ष्य सहित यस सांग्रिला डेभलपमेन्ट बैंक अगाडी वढ्न आवश्यक छ । ग्राहकहरुको संख्या ३ लाख बाट वढाएर ४ लाख पुयाउनुपर्ने, एटिमको प्रयोगसँगै आएका जोखिम व्यवस्थापनका लागि वैंकले उपयुक्त कदम चाल्न आवश्यक हुने लगायतका सुझावहरु व्यक्त गर्नुभयो ।

**<u>शेयरधनी श्री व्रम्ह देव शाक्य ज्यू</u>**

प्रस्ताव गरिएको ५ प्रतिशत वोनश शेयर अत्यन्त न्यून भएकाले आगामी दिनमा लाभांश वितरण प्रतिशत वढाउन संचालक समिति तथा व्यवस्थापनको ध्यान जाओस् , पूँजी वृद्धिका लागि हकप्रद शेयर प्रस्ताव गरिनु

उपयुक्त विकल्प भएकाले सो निष्काशन तर्फ ध्यान जान आवश्यक रहेको तथा बैंकको ग्राहक संख्या वृद्धि गर्न उपयुक्त कदम चाल्न आवश्यक रहेको जस्ता सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री उद्धव घिमिरे ज्यू**

बैंकको Reserve and Surpluse निकै कम रहेको देखिन्छ । आफू भन्दा साना बैंकहरुसंग मर्जरमा जान उपयुक्त देखिन्छ । आगामी वर्षहरुमा Two digit मा लाभांश दिन सक्ने तर्फ अग्रसर हुन आवश्यक, NPL बढ्दो क्रममा देखिएकाले यस तर्फ विशेष ध्यान जानु आवश्यक रहेको छ । साथै, यस वर्ष ढिलो गरी लेखा परिक्षण कार्य भएकोमा आगामी वर्षहरुमा समयमा नै लेखा परिक्षण कार्य सम्पन्न गर्ने तर्फ अग्रसर हुन आवश्य देखिन्छ भन्ने सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री राम गोपाल महर्जन ज्यू**

नयाँ खोलिएका शाखा कार्यालयहरुको उपयुक्त तरिकाले अनुगमन गर्नुपर्ने, खुद नाफा वृद्धि गराउनुपर्ने, धितोपत्रमा गरिएको लगानी लाई सहि समयमा विक्री गरेर उचित मुनाफा आर्जन गर्न सक्नुपर्ने तथा उपयुक्त विकास बैंक वा क वर्गको बैंक सँग मर्जर गर्नु उपयुक्त हुने लगायतका सुझावहरु व्यक्त गर्नुभयो ।

**शेयरधनी श्री अशोक उप्रेती ज्यू**

बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै खण्डित रुपमा रहेका शेयरहरुलाई पूर्ण अंकमा शेयर दिनका लागि शेयरधनीहरुसँग अपुग रकम लिएर तथा सोही अनुसार नेपाल राष्ट्र बैंकबाट स्विकृती लिएर बोनश शेयर वितरण गर्दा खण्डित रुपमा नरहने गरी बोनश शेयर जारी गर्न उपयुक्त हुने सुझाव दिनुभयो ।

**शेयरधनी श्री नरसिंहलाल चखुँ ज्यू**

वार्षिक वित्तीय विवरण प्रगतिउन्मुख देखिन्छ । खुद ब्याज आम्दानी वढेको भएतापनि ीाए विगत भन्दा वढेकाले खुद नाफामा नकारात्मक असर परेको देखिन्छ । कर्जा असुलीमा विशेष ध्यान जानु आश्यक छ । जगेडा कोषलाई अझ मझवुत बनाउनुपर्छ । लगानी गरेका विभिन्न कम्पनीका शेयरहरुलाई समयमा नै विक्री गरी नाफा बुक गर्न जान्नु पर्छ, कर्मचारीहरुको दक्षता अभिवृद्धि तथा Motivation मा विशेष ध्यान जानु आवश्यक छ । विभागीय प्रमुख हरुको क्षमता अभिवृद्धि वढाउदै लैजानु पर्दछ । समयानुकुल बैंकको निती नियम तथा रणनितीहरु परिमार्जन गर्दै लैजानु आवश्यक छ । मर्जर तथा एक्विजिसनका लागि EPS, Management र Board Structure राम्रो भएको पक्ष छनौट गर्नुपर्छ भन्ने सुझावहरु दिनुभयो ।

**शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठ ज्यू**

यस वर्ष संचालक समितिबाट शेयरधनीहरुलाई वोनश शेयर ५ प्रतिशतका दरले दिने प्रस्ताव सन्तोषजनक रहेको छ । कुल आय र कुल सम्पत्तिको अनुपात १० प्रतिशत रहेको छ । यो वाणिज्य बैंकहरुले गर्ने अनुपात भन्दा वढी भै रहेको छ । वाणिज्य बैंकहरुको यस्तो अनुपात ७ देखि ९.५ को वीमा मात्र रहेको देखिन्छ । बैंक सदैव शेयरधनीहरुलाई प्रतिफल दिनेप्रति सचेत हुनुपर्छ भन्ने जस्ता सुझावहरु दिनुभयो ।

**शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएको उपरोक्त जिज्ञासा एवं सुझावहरुका सम्बन्धमा सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले निम्न जवाफ दिनुभयो ।**

सभाका अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यू, प्रमुख कार्यकारी अधिकृत श्री सुयोग श्रेष्ठज्यूले शेयरधनीहरुले डेभलपमेन्ट बैंकका काम कियाकलाप उन्नति प्रगतिका सम्बन्धमा गर्नु भएको सराहना प्रति धन्यवाद ज्ञापन गर्नुका साथै दिनु भएको बहुमुल्य सल्लाह सुझाव प्रति आभार व्यक्त गरी उक्त सुझावहरुलाई डेभलपेन्ट बैंकको भावी योजनाको मार्ग दर्शनको रुपमा लिने प्रतिवद्धता प्रकट गर्दै शेयरधनीहरुले छलफलका कममा उठाउनु भएका प्रश्नहरुको कमवद्ध रुपमा जवाफ दिनुका साथै राख्नु भएको जिज्ञासाहरुलाई स्पष्ट पार्नु भयो ।

१०. **साधारण सभाका निर्णयहरु:**

साधारण सभाद्वारा पारित गरिनु पर्ने साधरण तथा विशेष प्रस्तावहरु अध्यक्षज्यूले पारितका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सर्वसम्मतिले प्रस्तवहरु परित भै निम्न निर्णयहरु गरियो ।

क) **सामान्य प्रस्ताव उपरका निणर्यहरु:**

(१) अध्यक्षज्यूको मन्तब्य सहित आर्थिक वर्ष २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर पारित गर्ने निर्णय गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको मिति २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०७६/०७७ को नाफा नोक्सान हिसाब, अन्य विस्तृत विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन लगायत सम्पूर्ण वित्तीय विवरणहरू पारित गर्ने निर्णय गरियो ।

(३) आर्थिक वर्ष २०७७/०७८ मा डेभलपमेन्ट बैंकको लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम बैंकको आ.व. २०७७/०७८ को लेखापरीक्षण गर्न श्री रन्जिव एण्ड एसोसियट्स, चार्टड एकाउण्टेन्ट्स लाई निजको पारीश्रमिक वापत लेखा परीक्षण शुल्क, Tax Audit, Long Form Audit Report, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण र खाने तथा बस्ने खर्च समेत गरी रु. ७,००,०००/- (अक्षेरेपी रु सात लाख) (मूल्य अभिबृद्धि कर वाहेक) प्रदान गर्ने गरि नियुक्त गर्ने निर्णय गरियो ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम डेभलपमेन्ट बैंकको हाल कायम चुक्ता पूँजी २,६०,६६,४०,४००/- को ५ प्रतिशत बोनस शेयर वितरण गर्ने सम्वन्धि विशेष प्रस्ताव पारित भएको हुँदा सो बोनश शेयर तथा कर प्रयोजनका लागि प्रस्तावित नगद लाभांश समेत गरी कुल लाभांशमा लाग्ने कर भुक्तानी प्रयोजनका लागि डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको ०.२६३२ प्रतिशतले हुन आउने रकम रु.६८,५९,५८० (अक्षेरुपी अठसट्ठी लाख उनान्साठी हजार पाँच सय असी मात्र) नगद लाभांश वितरण गर्ने निर्णय गरियो ।

(५) सर्वसाधारण शेयरधनीका तर्फबाट बाँकी अवधीका लागि संचालक समितिको निर्णय अनुसार नियुक्त गरिएको संचालक श्री लिसा शेरचनको नियुक्तिको अनुमोदन गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्ताव उपरको निर्णयहरु:**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी २,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्व साठी करोड छैसट्ठी लाख चालीस हजार चार सय मात्र) को ५ प्रतिशत अर्थात रकम रु. १३,०३,३२,०२०/- (अक्षेरुपी तेह्र करोड तिन लाख बत्तीस हजार बीस मात्र) को बोनस शेयर जारी गर्ने र बोनश शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समयोजन गर्ने गरी यथावत् राख्ने निर्णय गरियो ।

२) डेभलपमेन्ट बैंकको हाल कायम जारी तथा चुक्ता पूँजी रु २,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्व साठी करोड छैसट्ठी लाख चालीस हजार चार सय मात्र) रहेकोमा वोनश शेयर वितरण गर्ने निर्णय भएकाले जारी तथा चुक्ता पूँजी रु २,७३,६९,७२,४२०/- (अक्षेरुपी दुई अर्व त्रिहत्तर करोड उनान्सत्तरी लाख वहत्तर हजार चार सय वीस मात्र) पुऱ्याउने निर्णय गरियो ।

३) यस सांग्रिला डेभलपमेन्ट बैंकको संचालक समितिको बैठक, साधारण सभा लगायतका बैठक तथा सभाहरु विद्युतीय माध्यमबाट समेत गर्न सक्ने गरी विकास बैंकको नियमावली संशोधन गर्ने र सोही अनुसार अभिलेख गर्ने निर्णय गरियो ।

४) विशेष प्रस्ताव नं. (१), (२) र (३) पारित भए बमोजिम डेभलपमेन्ट बैंकको प्रवन्धपत्र तथा नियमावलीमा देहाय अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको प्रबन्धपत्रको संशोधनको तीन महले विवरण**

| दफा नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ५(ख) | विकास बैंकको जारी पुँजी रु. २,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्व साठ्ठी करोड छैसट्ठी लाख चालिस हजार चार सय मात्र ) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १०० दरको २,६०,६६,४०४ (दुई करोड साठ्ठी लाख छैसट्ठी हजार चार सय चार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | विकास बैंकको जारी पुँजी रु. २,७३,६९,७२,४२०/-( अक्षेरुपी दुई अर्ब त्रिहत्तर करोड उनान्सत्तरी लाख बहत्तर हजार चार सय बीस मात्र) हुनेछ । जसलाई प्रति शेयर रु. १००/- का दरले २,७३,६९,७२४.२० (दुई करोड त्रिहत्तर लाख उनान्सत्तरी हजार सात सय चौबीस दशमलव बीस) थान साधारण शेयर मा विभाजन गरिएको छ । | ५ प्रतिशत बोनस शेयर वितरण गरेपश्चात विकास बैंकको जारी तथा चुक्ता पुँजीमा वृद्धि हुने भएकोले । |
| ५(ग) | विकास बैंकको चुक्ता पुँजी रु. २,६०,६६,४०,४००/- (अक्षेरुपी दुई अर्व साठ्ठी करोड छैसट्ठी लाख चालिस हजार चार सय मात्र ) हुनेछ । | विकास बैंकको चुक्ता पुँजी रु. २,७३,६९,७२,४२०/-( अक्षेरुपी दुई अर्ब त्रिहत्तर करोड उनान्सत्तरी लाख बहत्तर हजार चार सय बीस मात्र) हुनेछ । | |

**सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको नियमावलीको संशोधनको तीन महले विवरण**

| नियम नं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|
| ४ (३) | यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै साधारण सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ । | यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै साधारण सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइने छ । बैंकको वार्षिक साधारण सभा शेयरधनीहरुको भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधिको माध्यमबाट हुने उपस्थितिमा समेत बस्न सक्नेछ । | प्रविधिको विकास र आवश्यकतालाई मध्यनजर गर्दा संशोधित व्यवस्था सान्दर्भिक भएकोले । |
| १० (२) | सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ । | सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ । सञ्चालक समितिको बैठक भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधि प्रयोग गरेर समेत बस्न सकिनेछ । | |

५) यस सांग्रिला डेभलपमेन्ट बैंक र अन्य ईजाजतपत्र प्राप्त उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले अन्य बैंक तथा वित्तीय संस्था (हरु) प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा उपयुक्त बैंक तथा वित्तीय संस्था (हरु) खोजी गर्न, उपयुक्त लागेको बैंक तथा वित्तीय संस्थासँग मर्जर तथा एक्विजिसन सम्बन्धी सहमतिपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन (Due Diligence Audit) गराउने, तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्बन्धमा नियमनकारी निकायहरुसँग सहमति लिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पूर्ण प्रकृया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति गर्ने (Acquisition) सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६) डेभलपमेन्ट बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधनको स्वीकृति लिने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट फेरबदल, परिमार्जन, थपघट तथा संशोधन गर्नको लागि निर्देशन प्राप्त भएमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

विविध

विविध अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले छलफल नभएको ।

११. **धन्यवाद प्रदान तथा सभाको समापन**

डेभलपमेन्ट बैंकलाई निरन्तर सहयोग पुऱ्याउँदै आउनु भएका सम्पूर्ण संचालकहरु, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा अन्य सम्बन्धित सम्पूर्ण निकायहरु, ग्राहक महानुभावहरु अतिथिज्यूहरु, पत्रकारहरु प्रति र डेभलपमेन्ट बैंकको उन्नतिमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण बैंक वित्तीय संस्था, बैंकमा कार्यरत सम्पूर्ण मानव संशाधन परिवार तथा बैंक उच्च व्यवस्थापन र कार्यक्रम स्थल उपलब्ध गराउनुहुने अमृतभोग पार्टि भेन्यू परिवार प्रति धन्यवाद ज्ञापन गर्दै अध्यक्ष श्री अच्यूत प्रसाद प्रसाईज्यूले सोह्रौ वार्षिक साधारण सभाको समापन गर्नु भयो ।

............................
सुजनवावु अधिकारी
**कम्पनी सचिव**

............................
अच्यूत प्रसाद प्रसाई
**अध्यक्ष**

सभा सम्पन्न भएको मितिः २०७७ साल चैत्र २३ गते तदनुसार ५ अप्रिल २०२१, सोमवार ।